**AMNESTY INTERNATIONAL** NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

मिति: २०७८ फाल्गुन २ गते

एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध सबै समूह, निर्माणाधिन समूह र युथ नेटवर्कमातहतका संयोजक र सदस्यज्यूहरू,

**!! ३० औं साधारण सभा (30th General Meeting) सर्कुलर-२**

**विषय: तीसौं साधारण सभाको स्थान तथा तीसौं साधारण सभामा सहभागी हुने प्रतिनिधि तथा पर्यवेक्षकको नाम सिफारिस गरी पठाउनेसम्बन्धमा।**

मिति २०७८ माघ २९ र फाल्गुन १ गते बसेको नेसनल बोर्डको बैठकले मिति २०७८ चैत्र १८ र १९ गतेका लागि तय गरिएको साधारण सभालाई काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा आयोजना गर्ने निर्णय गरेको व्यहोरा यहाँहरूसमक्ष हार्दिक निवेदन गर्दछु।

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा नियमावली २०६२ (सन् २००५) को पाँचौं संशोधन २०७८ (सन् २०२१) को परिच्छेद ३ को दफा १० मा व्यवस्था गरिएको *"साधारण सभाका प्रतिनिधि तथा पर्यवेक्षकहरूको नाम सभा हुनुभन्दा कम्तिमा १५ दिन पूर्व एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयमा विधिवत दर्ता भइसकेको हुनुपर्नेछ र कम्तिमा १५ दिन अगावै त्यस्ता प्रतिनिधि तथा पर्यवेक्षकहरूले एम्नेस्टी नेपालको सदस्यता ग्रहण वा नवीकरण गरेको हुनुपर्नेछ।"* भन्ने प्रावधानअनूरूप यहाँहरूले आ-आफ्नो समूह, युथनेटवर्क र निर्माणाधीन समूहका तर्फबाट साधारण सभामा सहभागी हुने प्रतिनिधि र पर्यवेक्षकहरूको नाम र तोकिएबमोजिमका अन्य विवरणहरू यसै सर्कुलरका साथ समावेश गरिएको रजिस्ट्रेसन फारममा विधिपूर्वक भरी यही मिति २०७८ चैत्र ३ गते दिनको पाँच बजेभित्र सिधै भौतिक रूपमा राष्ट्रिय सचिवालयमा वा इमेलमार्फत **agm@amnesty.org.np** मा पठाउनुहुन यसैसाथ हार्दिक अनुरोध गर्दछु।

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को सातौं संशोधन २०७८ (सन् २०२१) को भाग ३ को दफा ७.१ (क) बमोजिम समर्थक सदस्यता प्राप्त गरेका सदस्यहरूमध्येबाट ३० औं साधारण सभामा सहभागी हुने दुई जना प्रतिनिधिहरूको सवालमा राष्ट्रिय सचिवालयले मिति २०७८ पुस २८ र २९ मा बसेको नेसनल बोर्ड बैठकले तय गरेबमोजिमको प्रकृया अगाडि बढाउनका लागि तदनुसारको छुट्टै पत्राचार गर्ने व्यहोरा पनि म यहाँहरूलाई जानकारी गराउन चाहन्छु।

धन्यवाद।

बिपिन बुढाथोकी,
उपमहासचिव, नेसनल बोर्ड, एम्नेस्टी इन्टरनेसनल नेपाल